# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/२९ गते

# प्रेस विज्ञप्ति

**विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।**

---

जिल्ला समन्वय समितिको कार्यालय, सर्लाहीका कार्यक्रम अधिकृत नगिना रायले पोषण तथा सरसफाई कार्यक्रम अन्तर्गत निर्धारित कार्य सम्पन्न गरी भुक्तानी लिने क्रममा विभिन्न बहाना बनाई नियमानुसार भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्न आलटाल गरी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् सूचनाको आधारमा आयोगको कार्यालय, बर्दिबासबाट खटिई गएको टोलीले निज राष्ट्रसेवकलाई रु.४०,०००/- (चालिस हजार) घुस रकम लिंदै गर्दाको अवस्थामा निजकै कार्यकक्षबाट घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता